Charles Weston School Coombs P&C Association

# प्रश्न र उत्तरहरु

## P&C के हो?

अधिकांश विद्यालयमा एउटा अभिभावक समूह हुन्छ जसले स्कूल समुदायको आवाजलाई प्रतिनिधित्व गर्दछ।

चार्ल्स वेष्टनमा समूहलाई P&C संघ मनिन्छ, जसले आमाबाबु र नागरिकको लागि आवाज उठाउँदछ। हामी आमाबाबुले विद्यालय र समुदाय सम्बन्धित चासोका मामिलामा छलफलको लागि सभाहरुमा सम्पन्न गर्दछौं।

## P&C को सदस्य को हुन्?

सबैं चार्ल्स वेष्टनका आमाबाबु र बालबालिकाका हेरविचारकर्ताहरु स्वतः P&C सदस्य हुन्छन्।

## P&C समिति के हो?

P&C समिति मा मातापिता वा संरक्षकहरु स्वयंसेवकहरु जसले समूहलाई सुचारुपले चलिरहनकोलागि सहयोग गर्दछ। आमाबाबु र हेरविचारकर्ताहरिले आफूलाई १२ महिनाको अवधिकोलागि समितिको पदमा स्वयम नियुक्त गर्दछन्। समितिमा उपलब्ध रिक्त स्थानहरु:

| आवश्यक पदहरु | वैंकल्पिक |
|---|---|
| अध्यक्ष | सामान्य समिति सदस्य |
| उपाध्यक्ष | संचार अधिकारी |
| सचिव | परिषद प्रतिनिधि |
| कोषाध्यक्ष | आर्थिक संङ्कलन संयोजक |
| सार्वजनिक अधिकारी | |

## P&C कहिले भेट्दछन्?

हामी हरेक शत्रको ३ र ८ मंङ्गलबार भेट्दछौं। सभाहरू विद्यालयको मा समाचार पत्र र P&C फेसबुक पृष्ठमा विज्ञापन गरिनेछ। कुनैं पनि आमाबुवा वा संरक्षकहरु उपस्थित हुन सक्दछन्।

यी सभाहरूमा, कृयाकलापहरु, समारोहको बारेमा र हामी कसरी विद्यालयलाई योगदान पुर्याउन सक्दछौं भन्ने बारे छलफल गर्नेछौं।

बैंठक प्रारम्भ समुदायिक कोठा वा भिडियो कन्फ्रेंसिंग मार्फत बेलुकी ७ बजे शुरु हुनेछ।

हामीलाई फेसबुक @CWSCParents मा पत्तालगाउन सक्नुहुनेछ।

## P&C को भूमिका के हुन्छ?

P&C ले विद्यालयको लागि सामुदायिक समर्थन आमाबाबु र हेरविचार कर्ताहरुलाई विद्यालय समुदायमा संलग्न गराएर गर्दछ। हामी विद्यालयलाई समर्थन गर्नकोलागि आर्थिक संङ्कलन कृयाकलापहरु र समारोहहरु आयोजना गरेर गर्दछौं।

हामी विद्यालयको लागि पोशाक पूल संञ्चालन गर्नकोलागि जिम्मेवार छौं।

## कसरी P&C स्कूल बोर्ड देखि फरक छ?

हरेक ACT सरकारी स्कूलको एउटा स्कूल बोर्ड — एउटा संगठन जहाँ आमाबाबुले, हेरविचारकर्ता, कर्मचारी र विद्यार्थीहरू आफ्नो विद्यालयमा निर्णय-बनाउने को लागि भाग लिन सक्छन्। मूलतः, विद्यालयको बोर्ड नीति बनाउने संगठनको रुपमा संञ्चालन हुन्छन्।

स्कूल बोर्ड एक वर्षमा न्यूनतम चार पटक भेट्छन् र पदहरु निर्वाचित गरिन्छ चुनिएको बोर्ड सदस्यहरुले कम्तिमा १२ महिना र बढीमा २४ महिना सेवा गर्नेछन्।

P&C को काम अक्सर उल्लेखित विषयहरूमा विचारको लागि बोर्ड संग साझेदारी गरेर काम गर्दछ।

## पोशाक पूल के हो?

पोशाक पूलले परिवारहरुको प्रयोग गरिसकेका पोशाकहरु खरिद गर्ने मौंका दिन्छ। हामी आमाबाबु र हेरविचारकर्तालागि नियमित पोशाक पूल सहुलियत दरमा बिक्रीकोलागि उपलब्ध गराउनेछौं र विद्यालयमा आएर हेर्न सक्नुहुनेछन्।

P&C विद्यालयको पोशाक खरिद गर्न आर्थिक कठिनाई भेंरहेका परिवारहरुलाई हौंशलापूर्वक सहयोग गर्न तयार छ।

## मैंले कहिले प्रयोग भैंसकेका विद्यालयका पोशाकहरु खरिद गर्न सक्दछु?

प्रत्येक त्रैमासिक शैक्षिक शत्रमा हामी पोशाक पूल स्कूलमा खोल्नेछौं। पोशाक पूल बिक्री मिति र समय विद्यालयको समाचार पत्र र P&C फेशबुक पृष्ठमा विज्ञापन गर्नेछौं।

## के म पोशाक पूलमा दान गर्न सक्दछु?

हामी सबैं आमाबाबुलाई र हेरविचारकर्तालाई राम्रो गुणस्तरको पोशाकहरु दान गर्नकोलागि प्रोत्साहन गर्दछौं। तपाईंले P&C र विद्यालयकोलागि आवश्यक पूँजी संङ्कलन गर्न मद्दत गर्नु हुनेछ।

तपाईंले पोशाक पुलका लुगाहरु विद्यालयको कार्यालयमा छाडिदिन सक्नुहुनेछ।

## P&C ले अन्य के कुराहरू गर्दछन्?

हामी समुदायलाई सहभागि गराउने र आर्थिक संङ्कलन गर्ने अवसरहरुको लागि नयाँ विचारको लागि स्वागत गर्दछौं। हामी धेरैं समारोहहरु सम्पन्न गर्दछौं र विद्यार्थीहरु र परिवारहरुकोलागि धेरैं सेवाहरू प्रदान गर्दछौं। विगतका गतिविधिहरुमा निम्न समावेश छन्:

- स्कूल डिस्को
- नयाँ आमाबाबु लागि स्वागत उपहार
- शिक्षक धन्यवाद उपहार
- स्वागत बनभोज र निर्वाचन BBQ
- चिट्ठा सांझ
- आमा & बुबाहरू अनुहार हेर्ने दिनको लागि नाश्ता र उपहार बिक्री कक्ष
- सामुदायिक गायन (क्यारोल)मा कुकीज सजाउने र उपहार बिक्री कक्ष
- छिमेकी दिवस
- आर्थिक संङ्कलन समारोहको बारेमा विद्यार्थी संसद संग सहकार्य गर्ने

## मैंले कसरी स्वयंसेवक बन्न सक्दछु?

हाम्रो विद्यालयलाई स्वंय सेवी बनेर मद्दत गर्नकोलागि त्यहाँ धेरैं तरिकाहरु छन्। केही मानिसहरू निम्न प्रस्तावहरु गर्दछन्:

- पोशाक पुलका लुगाहरु धुने र मिलाउने
- आर्थिक संङ्कलन समारोहकोलागि बेक गर्ने
- समुदायिक BBQs मा पकाउने
- समारोहहरुमा खाना पस्कने
- समारोहहरुको व्यवस्थापन गर्ने

## कुन-कुन तरिकाले म P&C मा संलग्न हुन सक्दछु?

तपाईहरु विभिन्न तरिकाहरूले संलग्न हुन सक्नुहुनेछ:

- बैंठकमा सहभागी हुने
- हाम्रो समारोहहरु र गतिविधिहरुलाई टेवा दिने
- तपाईको आर्विथिक संङ्कलन विचार आदान प्रदान गर्ने
- मदत गर्न स्वयंसेवी हुने

## P&C लाई मैंले कसरी सम्पर्क गर्न सक्दछु?

हामी तपाईको विचार र प्रतिक्रिया सुन्नकोलागि ईच्छुक छौं। हामी तपाईंलाई बैंठकमा आउन आमन्त्रण गर्दछौं - सबैंलाई स्वागत छ।

तपाईले P&C लाई ई-मेल गरेर पनि सम्पर्क गर्न सक्नुहुनेछ: **charleswestonparents@gmail.com**

## मलाई सरोकार वा चासो छ – म कसलाई बताउन सक्दछु?

यदि सरोकार वा चासो P&C को बारेमा हो भने, तपाई हामीलाई ई-मेल मार्फत् वा बैंठकमा उल्लेख गर्न सक्नुहुनेछ, त्यसको लागि स्वागत छ।

विद्यालय नीति वा रणनीतिको मामिलामा, तपाईले अनिवार्य रुपमा विद्यालयको बोर्ड वा विद्यालय प्रधानाध्यापकलाई ई-मेल द्वार सम्पर्क गर्न सक्नुहुनेछ: **charlesweston@ed.act.edu.au**

तपाईकोआफ्नो बच्चाको बारेको कुराकोलागि, कृपया उनिहरुको सम्पर्क शिक्षकलाई इमेल गरेर सम्पर्क गर्न सक्नुहुनेछ: **firstname.lastname@ed.act.edu.au**

**कृपया सम्पूर्ण ई-मेलहरुको जवाफकोलागि कृपया ४८ घण्टा दिनुहोला।**

P&C अन्य परिवारलाई भेट्न र चार्लस् वेष्टर्न विद्यालय समुदाय (Charles Weston School community) संग सम्पर्क बढाउने राम्रो अवसर हो।

## जरुरी सोधपुछ

कुनैंपनी जरुरी कुराको लागि, कृपया विद्यालय कार्यालय लाई 02 6142 0404 मा फोन गर्नुहोला।

ACT Government Education